# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही दाङ ।

## घोराही उपमहानगरपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन) २०८२

घोराही उपमहानगरपालिका शिक्षा ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले घोराही उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यो ऐनको नाम घोराही उपमहानगरपालिका शिक्षा ऐन (दोस्रो संशोधन), २०८२ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** मुल ऐनमा रहेको **शाखा अधिकृत** भन्ने शब्दको सट्टा **शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारी** राखी संशोधन गर्ने।

**३.** मुल ऐनको दफा २२ पछि देहायको **दफा २२क** थप गर्ने।

२२क. कुनै कारण सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नगर शिक्षा समितिले देहाय बमोजिमको अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ। यसरी गठन भएको समितिले अधिकतम ३ महिनासम्म कार्य गर्न सक्नेछ। उक्त समितिबाट भए गरेका काम कारबाही विद्यालय व्यवस्थापन समितिबाट भए सरह मानिनेछ।

क. सम्बन्धित वडाका वडा अध्यक्ष अध्यक्ष

ख. सामाजिक विकास महाशाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी सदस्य

ग. विद्यालयको प्रध्यानाध्यापक सदस्य सचिव

३. शिक्षा ऐन २०७५ (संशोधन ऐन २०७९) को दफा ३१क को उपदफा (१) पछि देहायको **उपदफा (१क)** थप गर्ने।

(१क) प्रत्येक शैक्षिक वर्षमा सामुदायिक विद्यालयहरुको शिक्षक, बालविकास सहजकर्ता र कर्मचारीहरुको दरबन्दी मिलानका लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहने गरी दरबन्दी मिलान सिफारिस समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क)सामाजिम विकास समितिका संयोजक | संयोजक |
| (ख) शिक्षा समितिले तोकेको २ जना सदस्य | सदस्य |
| (ग) नेपाल शिक्षक महासंघको पालिकास्तरीय समितिको अध्यक्ष | सदस्य |
| (घ)सामाजिक विकास महाशाखा प्रमुख | सदस्य सचिव |

आज्ञाले,

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत